**आदरणीय उपप्रमुख एवं नगर सभाका सदस्यज्यूहरु,**

१. नेपालमा संघीयता पछि स्थानीय तहको पहिलो कार्यकाल सम्पन्न भई दोश्रो कार्यकालको शुरुवात भएको छ । दोश्रो कार्यकालको निर्वाचन पश्चात हामी मेलम्ची नगरपालिका भित्रका जनताबाट अनुमोदित भई जनप्रतिनिधिका रुपमा चयन भएका छौं । नगरपालिका निर्माण गर्ने यो अवसर प्रदान गर्नुहुने सम्पूर्ण नगरवासीहरुप्रति म हार्दिक आभार प्रकट गर्दछु । नेपालको राष्ट्रिय हित, आर्थिक सामाजिक न्याय सहितको लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद प्रति प्रतिबद्ध रहँदै समुन्नत सङ्घीय शासन प्रणालीको माध्यमबाट न्यायपूर्ण, विभेदरहित, समतामुलक, सबल र समृद्ध नेपालको निर्माण गर्ने उद्देश्यका साथ आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ । यस घडीमा नेपाली जनताले मुलकको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधिनता, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि पटक पटक गरिएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष लगायत विभिन्न चरणमा भएका आन्दोलन, त्याग र बलिदानको स्मरण गर्दै ज्ञात अज्ञात शहीद तथा बेपत्ता र पीडित नागरिकहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।

२. लोकतन्त्र र सङ्घीयताको आधारशिलाको रुपमा रहेको स्थानीय तहको निर्वाचन निष्पक्ष र शान्तिपूर्ण रुपमा सम्पन्न गर्न अहोरात्र खटिनु भएका राष्ट्र सेवक कर्मचारी, सुरक्षा निकाय, राजनीतिक दल, आम मतदाता लगायत सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु ।लोकतान्त्रिक प्रक्रियाबाट निर्वाचित हुनभएका सम्पूर्ण जनप्रतिनिधिहरुमा हार्दिक बधाई एवम् सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

३. २०७८ साल असार १ गते मेलम्ची र ईन्द्रावती नदीमा आएको भिषण बाढीबाट प्रभावित भएका सम्पूर्ण नगरवासीहरुको दयनिय अवस्थाले मलाई अन्तर मनदेखि पीडा महसुस गराएको छ । मेलम्ची तथा इन्द्रावती नदीबाट आएको बाढी पहिरोबाट मृत्यूवरण गर्नुहुने नेपाली तथा विदेशी नागरिकहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछु ।सार्वजनिक संरचनाको पुनर्निमाण तथा प्रभावितहरुको पुर्नस्थापनाको लागि सहयोग पुर्‍याउनको लागि तीनै तहका सरकार, विभिन्न संघसंस्था र व्यक्तिहरुलाई सार्वजनिक अपिल गर्दछु।

४. नेपालको संविधान, सङ्घीय सरकार, प्रदेश सरकार र मेलम्ची नगरपालिकाको आवधिक योजना तथा नगर विकास गुरु योजनाले परिलक्षित गरेका विषयहरु, दीगो विकासको लक्ष्य, पन्ध्रौं आवधिक योजना, संङ्घीय तथा प्रदेश सरकारका नीति कार्यक्रम, राजनीतिक दल र विभिन्न सरोकारवाला निकायहरुबाट प्राप्त सुझावहरु समेतको आधारमा मेलम्ची नगरपालिकाले यो नीति तथा कार्यक्रम तर्जुमा गरेको छ।

५. यो नीति तथा कार्यक्रमको कार्यान्वयन गर्दा दीगो पूर्वाधार विकास, रोजगारी सिर्जना, उत्पादन र उत्पादकत्व वृद्धि, पर्यावरण संरक्षण तथा जलवायु अनुकुलन, गरिबी न्यूनीकरण, सुशासन र सार्वजनिक सेवामा नागरिकहरुको सहज पहुँचलाई प्राथमिकता दिइनेछ ।

आईत मान तामाङ
नगर प्रमुख

**आदरणीय उपप्रमुख एवं नगर सभाका सदस्यज्यूहरु,**

**<u>पूर्वाधार विकास तथा भवन निर्माण</u> :**

६. मेलम्ची तथा ईन्द्रावती नदीमा आएको भिषण बाढीबाट नदी तटीय क्षेत्रमा निर्माण भएका सार्वजनिक संरचनाहरु, विभिन्न व्यक्तिका घर संरचना तथा जग्गा जमिनहरुमा अकल्पनीय क्षति पुगेको छ । बाढीबाट क्षति भएका सार्वजनिक संरचना एवं व्यक्तिको निजी जग्गा जमिनको संरक्षण गर्नको लागि नगरपालिकाबाट स्थापना गरिएको कोषमा थप बजेट व्यवस्था गरी मेलम्ची बाढीपीडित तथा प्रभावितहरुको घर तथा सार्वजनिक संरचनाहरुको पुनर्स्थापना तथा पुनर्निर्माण गरिनेछ । यस कार्यको लागि संघीय सरकार, प्रदेश सरकार, स्थानीय तहहरु र शुभेच्छुक दातृ निकायहरुसंग आवश्यक समन्वय गरिनेछ ।

७. नगरपालिका केन्द्रबाट सबै वडा कार्यालय जोड्ने मुख्य सडक स्तरोन्नती गरी बाह्रै महिना यातायात संचालन योग्य बनाइनेछ । साथै, वडा भित्रका सबै बस्तीहरुलाई सडक सञ्जालसंग जोडी स्थानीय उत्पादनहरुको बजारीकरण गर्न प्रोत्साहित गरिनेछ ।

८. नगर चक्रपथसंग जोडिन बाँकी रहेका अधुरा सडकहरु निर्माण एवं स्तरोन्नती गरिनेछ ।

९. मध्य पहाडी लोकमार्गसँग जोडिएको मेलम्ची नगरपालिकाको बाहुनेपाटी बजार क्षेत्रलाई व्यापारिक क्षेत्रको रुपमा र मेलम्ची बजारलाई प्रशासनिक क्षेत्रको रुपमा विकास गरिनेछ ।

१०. नगरको समग्र विकासको लागि संघ, प्रदेश र नगरपालिकासंग सिमाना जोडिएका अन्य नगरपालिका तथा गाउँपालिकाहरुसंग आवश्यक समन्वय र सहकार्य गरी साझेदारीका कार्यक्रमहरु संचालन गरिनेछ।

११. विनाशकारी भूकम्पबाट भएको क्षतिको पुनर्निर्माणको बाँकी कार्यलाई चालु आ.व. भित्र सम्पन्न गर्न आवश्यक पहल गरिनेछ ।

१२. "एक घर एक धारा" खानेपानी कार्यक्रम संचालन गरी आगामी पाँच बर्षभित्र नगर भित्रका बाँकी घरधुरीहरुमा स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ ।

१३. भौतिक पूर्वाधार विकासमा सहयोग पुर्याउँन नगर क्षेत्रमा संचालित विकास निर्माणको काममा आवश्यकता अनुसार सार्वजनिक निजी साझेदारीको नीति अवलम्बन गरिनेछ ।

१४. वितरणमुखी योजना छनौटको अभ्यासलाई निरुत्साहित गर्न परियोजना बैंकको रुपमा रहेको एकिकृत नगर विकास गुरुयोजना र पञ्चवर्षिय आवधिक योजना तथा मध्यमकालीन खर्च संरचनाको माध्यमबाट योजना छनौट गर्ने नीति अवलम्बन गरिनेछ ।

आईत मान तामाङ
नगर प्रमुख

१५. नगरपालिका क्षेत्रमा सञ्चालन गरिने पूर्वाधार वा सामाजिक विकाससँग सम्बन्धित कुनै पनि कार्यक्रम वा योजना कार्यान्वयन गर्दा सामाजिक तथा वातावरणीय सन्तुलन, प्रकोप व्यवस्थापनका पक्ष समेतलाई ध्यानमा राखी आयोजनाहरुको निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

१६. भौतिक पूर्वाधार तथा संरचनाको गुणस्तर सुनिश्चतताको लागि सुपरीवेक्षण तथा अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

१७. नगरका मूख्य बजार केन्द्रहरुमा WASH सहितको सार्वजनिक शौचालय र प्रतिक्षालय एवम् ग्रामीण क्षेत्रमा **एक वस्ती एक सामुदायिक भवन** निर्माण गर्ने नीति लिइनेछ ।

१८. वडाका प्रशासनिक भवन, स्वास्थ्य चौकी, सामुदायिक विद्यायहरुमा सूचना प्रविधिको पहुँच पुर्याउन आवश्यक पूर्वाधारको विकास गर्ने नीति लिइनेछ ।

१९. नगरपालिका अन्तर्गत निर्माण गरिने सरकारी संरचनाहरु वातावरण र अपाङ्गतामैत्री बनाउने नीति लिइनेछ ।

२०. नेपाल सरकार, प्रदेश सरकार, राष्ट्रिय एवं अन्तराष्ट्रिय संघ संस्थाहरुसंग समन्वय गरी नगरपालिका भित्रका बजार क्षेत्र एवं अन्य आवश्यक स्थानमा वैकल्पिक उर्जाको प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

२१. नगरपालिका घोषणा पूर्व निर्माण भएका सबै घरहरुको प्राविधिक प्रतिवेदनको आधारमा अभिलेखिकरण गरिनेछ । साथै नगरपालिकाबाट स्वीकृति नलिई मापदण्ड विपरित घर वनाउने तथा तला थप्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम दण्ड, जरिवाना गर्ने नीति लिइनेछ ।

**<u>शिक्षा तथा खेलकुद विकास</u>**

२२. आगामी पाँच वर्ष भित्र नगरपालिकालाई आवश्यक पर्ने न्यूनतम प्राविधिक जनशक्ति नगरपालिका भित्रै उत्पादन गरी रोजगार प्रवर्द्धन गर्न प्राविधिक शिक्षालाई विशेष प्राथमिकता दिने नीति लिइनेछ । यो नीति कार्यान्वयन गर्ने पहिलो खुट्किलाको रुपमा यस आ.व. मा यस नगरपालिका भित्र अध्ययन गर्ने गरिब एवं जेहेन्दार ५ जना विद्यार्थीहरुलाई नगर भित्रको प्राविधिक विद्यालयमा ईन्जिनियरिङ धार तर्फ कक्षा १२ सम्म र २ जना विद्यार्थीहरुलाई कृषि प्राविधिक शिक्षा (डिप्लोमासम्म) अध्ययनका लागि **"नगर प्रमुख छात्रवृत्ति कोष"** मार्फत निशुल्क शिक्षा प्रदान गरिनेछ ।

२३. सामुदायिक सरकारी विद्यालयहरुलाई क्रमश: प्रविधिमैत्री बनाउने नीति लिइनेछ । नगरपालिका भित्रका सामुदायिक माध्यमिक विद्यालयका प्रति विद्यालय एक जना शिक्षकलाई आधारभूत कम्प्युटर तालिम प्रदान गरिनेछ ।

२४. नगरपालिका भित्रका सबै सामुदायिक माध्यमिक विद्यालयमा सामुदायिक अध्ययन केन्द्र स्थापना गर्ने नीति लिइनेछ । सरकारी एवं सार्वजनिक प्रशासनमा नगरवासीको पहुँच वृद्धिको लागि लोक सेवा आयोगका तयारी कक्षा संचालन गरिनेछ ।

आईत मान तामाङ
नगर प्रमुख

२५. नगर भित्रका विद्यालयमा अध्ययनरत आमा बाबु गुमाएका विद्यार्थीहरुलाई अभिभावकत्व प्रदान गर्दै सहयोग गर्ने नीति लिइनेछ ।

२६. नगरपालिका भित्र संचालित सामुदायिक विद्यालयहरुमध्ये शैक्षिक अवस्था, भुगोल र मापदण्डका आधारमा कुनै एक विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्ने नीति लिइनेछ ।

२७. नगर भित्रका सामुदायिक विद्यालयका शिक्षकहरुलाई स्काउट तालिम प्रदान गरी स्काउट शिक्षा संचालन गरिनेछ ।

२८. नगरको समग्र शैक्षिक गुणस्तर अभिवृद्धि गर्न नगर प्रमुख शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम संचालन गरी कक्षा कोठा व्यवस्थापन तथा शिक्षण सिकाइ अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । साथै, प्रत्येक सामुदायिक विद्यालयमा एक शैक्षिक सामाग्री कक्षा स्थापना गर्न सहयोग गर्ने नीति लिइनेछ ।

२९. नेपाल सरकारले कक्षा छ सम्म उपलब्ध गराउदैं आएको दिवा खाजा कार्यक्रमलाई नगरपालिकाको आन्तरिक श्रोतबाट कक्षा सात र आठमा थप विस्तार गरिनेछ । यसले विद्यालयमा हुने विद्यार्थीको अनियमित उपस्थिति तथा कक्षा छोड्ने दरमा सुधार आउने अपेक्षा गरिएको छ ।

३०. आधारभूत तहसम्मको अध्ययन पूरा गरी विद्यालय छोडेका १६ वर्ष भन्दा माथिका बालबालिकाहरुसँग अन्तरक्रिया गरी जिविकोपार्जनका लागि आवश्यक तालिम लिन चाहेमा सोको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

३१. गणित, अंग्रेजी र विज्ञान विषयका शिक्षकहरुको विषयगत कार्यशाला आयोजना गरी सिकाई उपलब्धी विश्लेषण तथा सिकाइ उपलब्धी सुधारका लागि कार्य योजना निर्माण गरी लागु गरिनेछ ।

३२. नगरका प्रत्येक वडामा संचालित सबै अगुवा माध्यमिक विद्यालयहरुले सोही वडामा संचालित अन्य आधार विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारको समेत जिम्मेवारी बहन गर्ने व्यवस्था मिलाइनेछ ।

३३. नगरपालिकाभित्र संचालित सबैं सामुदायिक विद्यालयहरुमा भौतिक पूर्वाधारको न्यूनतम मापदण्ड निर्धारण गरी सोको आधारमा भौतिक पूर्वाधार विकास गरी एकरुपता कायम गर्ने नीति लिइनेछ ।

३४. सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गर्न शैक्षिक नतिजाका आधारमा विद्यालय, शिक्षक तथा विद्यार्थीलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ ।

३५. नगरको स्थानीय परिवेश र आवश्यकतालाई मध्यनजर गरी आधारभूत तह (कक्षा १ देखि ८) का लागि स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

३६. सामुदायिक विद्यालयहरुमा कार्यरत बालविकास सहजकर्ता, विद्यालय सहायक तथा विद्यालय सहयोगीहरुको मनोवल उच्च बनाई आफ्नो जिम्मेवारी वहनमा दृढतापूर्वक लाग्नका लागि प्रेरित गर्न



आईत मान तामाङ
नगर प्रमुख

नगरपालिकाको आन्तरिक श्रोतको अवस्थालाई मध्यनजर गरी नेपाल सरकारले तोके बमोजिमको न्यूनतम पारिश्रमिक भुक्तानी गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

३७. प्राविधिक शिक्षामा विद्यार्थीको पहुँच वृद्धि गर्न विपन्न तथा लक्षित वर्गका बालबालिकालाई छात्रवृत्तिको व्यवस्था मिलाइनेछ ।

३८. विद्यालय शिक्षामा प्रविधिमैत्री युवा जनशक्तिको पँहुचमा बृद्धि गर्नका लागि ५० वर्ष उमेर पुरा भएका शिक्षकहरु विस्थापनका लागि गोल्डेन ह्याण्डसेकमार्फत स्वेच्छिक अवकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३९. खेलकुद क्षेत्रको विकासको लागि नगरस्तरीय खेलकुद मैदानको निर्माण गरिनेछ । बालबालिकाहरुको खेलकुद तथा मनोरञ्जनको लागि क्रमिक रुपमा एक वडा एक बाल उद्यान र खेल मैदान निर्माण गर्ने नीति लिइनेछ ।

४०. नगर भित्रका युवाहरुलाई खेलकुद क्षेत्रमा प्रोत्साहन गरी राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका खेलाडी निर्माण गर्नुको साथै राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका विभिन्न खेलकुद प्रतियोगितामा सहभागी गराउने नीति लिइनेछ ।

४१. माध्यमिक तहका विद्यार्थीलाई नियमित पठनपाठनको अलावा नेपाल स्काउट, जुनियर रेडक्रस सर्कल, खेलकुद, संगीत लगायत अन्य सामाजिक कार्यमा सहभागी हुन प्रोत्साहित गरिनेछ ।

**आदरणीय उपप्रमुख एवं नगर सभाका सदस्यज्यूहरु,**

**स्वास्थ्य तथा आयुर्वेद :**

४२. नगरपालिका भित्रका सम्पूर्ण गर्भवती महिलाहरुलाई तालिम प्राप्त स्वास्थ्यकर्मीद्धारा स्वास्थ्य संस्थाहरुमा नै प्रशुती गराउन प्रोत्साहित गरिनेछ । यसको लागि हाल भएको बर्थिङ सेन्टरलाई क्रमशः विस्तार तथा स्तरोन्नती गरिँदै लगिनेछ । यस आ.व.मा थप एक वटा स्वास्थ्य संस्थामा बर्थिङ सेन्टरको स्थापना गरिनेछ । मेलम्ची नगरपालिका भित्रका गर्भवती एवं सुत्केरी हुने महिलाहरुको लागि सम्बन्धित व्यक्तिको घर देखि बर्थिङ सेन्टरसम्म आउने जाने दोहोरो एम्बुलेन्स खर्च र मेलम्ची नगरपालिकाको नगर अस्पतालबाट काठमाडौं लगायतका अन्य अस्पतालसम्म रिफर गरेको खण्डमा लाग्ने एकतर्फी एम्बुलेन्स खर्च नगरपालिकाबाट उपलब्ध गराइनेछ ।

४३. संभावित महामारी रोकथाम तथा नियन्त्रण गर्नको लागि संघ, प्रदेश, तथा अन्य सरोकारवाला निकायहरुसंग आवश्यक सहयोग र समन्वय कायम गरिनेछ ।

४४. मेलम्ची नगर अस्पताललाई प्रदेशस्तरीय अस्पतालको रुपमा र नगरपालिका भित्रका स्वास्थ्य ईकाइहरुलाई क्रमशः स्वास्थ्य चौकीको रुपमा स्तरोन्नती गर्न आवश्यक पहल गरिनेछ ।



आईत मान तामाङ
नगर प्रमुख

४५. नगरपालिका भित्र निर्माण गर्न बाँकी स्वास्थ्य संस्थाका भवनहरु क्रमश: निर्माण गर्नुका साथै अधुरा रहेका भवनहरु मर्मत संभार गर्दै लगिनेछ ।

४६. मेलम्ची नगर अस्पतालबाट हाल प्रदान गरिएको सेवालाई विस्तार गरी दन्त सेवा र मानसिक रोग परामर्श सेवा विस्तार गरिनेछ ।

४७. न्यूनतम सेवा मापदण्ड र चेक लिष्टको आधारमा स्वास्थ्य संस्थाहरुको सेवा गुणस्तर अंक गणना गरिनेछ र सोको आधारमा स्वास्थ्य संस्थाहरुको सेवा गुणस्तर बर्गीकरण गरिनेछ । सेवा गुणस्तर अंक कम भएका स्वास्थ्य संस्थाहरुको प्राथमिकताको आधारमा सेवा गुणस्तर सुधार गरिनेछ ।

४८. आमा सुरक्षा कार्यक्रमलाई निरन्तरता दिंदै नगरभित्रका बर्थिङ सेन्टर तथा सूचिकृत स्वास्थ्य संस्थाहरुमा सुत्केरी गराउने नगरपालिका भित्रका सुत्केरी आमाहरुलाई तीन महिनासम्म मासिक रु. एक हजारका दरले पोषण भत्ता उपलब्ध गराइने नीतिलाई निरन्तरता दिइनेछ । नगरपालिकाका बर्थिङ सेन्टर तथा स्वास्थ्य केन्द्रहरुको आवश्यकताको आधारमा स्तरवृद्धि गर्दै लगिनेछ ।

४९. नगरपालिका क्षेत्र भित्र रहेका नगर अस्पताल तथा स्वास्थ्य चौकीहरुमा आधारभूत औषधि तथा स्वास्थ्य उपचारका लागि उपकरणहरुको व्यवस्था मिलाई नगरवासीको स्वास्थ्य सुरक्षा कायम गर्न समुचित व्यवस्था मिलाइनेछ ।

५०. पूर्ण खोप सुनिश्चितता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५१. महिलाहरुको प्रजनन स्वास्थ्यलाई प्राथमिकतामा राखी सो सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ ।

५२. नगरपालिका भित्रका विभिन्न क्षेत्रमा आयुर्वेदका पञ्चकर्म अन्तर्गत स्नेहन, शिरोधारा लगायत योग र प्राकृतिक चिकित्साको विशिष्टिकृत सेवा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

५३. आयुर्वेद सेवाको प्रभावकारी रुपमा विस्तार गर्दै सम्पूर्ण सेवाग्राहीसम्म पुर्‍याउँन घुम्ती शिविर लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।

५४. महिला स्वास्थ्य स्वयंसेविकालाई कार्यसम्पादनको आधारमा प्रोत्साहन गर्ने नीति लिइनेछ ।

५५. खोप तथा गाउँघर क्लिनिक सेवालाई प्रभावकारी रुपमा संचालन गरी समुदायस्तरमा स्वास्थ्य सेवाको पहूँच अभिवृद्धि गर्ने नीति लिइनेछ । यसको लागि आवश्यक पूर्वाधारहरु क्रमश विकास गर्दै लगिनेछ।

५६. नगरपालिका भित्रका सबै नागरिकहरुको अनिवार्य स्वास्थ्य बीमा गराउने नीति लिइनेछ । साथै, स्वास्थ्य बीमा अन्तर्गतका सेवाहरुलाई गुणस्तरिय र प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।

आईत मान तामाङ
नगर प्रमुख

## राजस्व परिचलान तथा उपभोक्ता हित संरक्षण

५७. राजस्व संकलनको दायरा र क्षेत्रलाई विस्तार गरी प्रगतिशिल करको सिद्धान्तको आधारमा राजस्व वृद्धि गर्ने नीति लिइनेछ । यसका लागि राजस्व सुधार कार्य योजना निर्माण गरी लागु गरिनेछ ।

५८. नगरपालिका भित्रका करदाताहरुका लागि उपभोक्ता हक हित एवं राजश्व सचेतना अभियान र करदाता शिक्षा कार्यक्रमहरु सञ्चालन गरी नगरपालिकालाई कर तिर्ने उत्कृष्ट करदाताहरुलाई सम्मान तथा पुरस्कृत गरिनेछ ।

५९. नगरपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने सबै प्रकारका सेवाहरुलाई राजस्व संकलनसंग जोडिनेछ।

६०. आपूर्ति व्यवस्थालाई सरल, सुलभ र सहज बनाउन तथा असहज मूल्य वृद्धि नियन्त्रणको लागि बजार अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

६१. स्थानीय उत्पादनलाई उच्च प्राथमिकतामा राखी स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरण गर्ने नीति लिइनेछ ।

६२. मेलम्ची र ईन्द्रावती नदीमा आएको बाढी पहिरोको कारण प्रभावित उद्योग व्यवसायको पुनर्संचालन गर्न पहल गरिनेछ । बाढी, पहिरो तथा प्राकृतिक प्रकोपबाट क्षति भएका र उच्च जोखिममा रहेका व्यक्ति तथा संस्थाहरुको स्वामित्वमा रहेका जग्गा जमिन र घर संरचनामा लाग्ने राजश्व एकिन गरी सहुलियत, छुट एवं मिनाहा दिने नीति लिइनेछ ।

## कृषि तथा पशु विकास

६३. कृषि तथा पशु विकासका लागि एकिकृत सेवा केन्द्र र घुम्ती शिविर मार्फत कृषकहरुलाई थप सेवा सुविधा पुर्याउने नीति लिइनेछ ।

६४. निर्वाहमुखी परम्परागत कृषि प्रणालीलाई व्यवसायीकरण तथा यान्त्रिकरण गरी नगरलाई तरकारी, खाद्यान्न लगायतका बीउमा आत्मनिर्भर बनाउन आवश्यक कार्यक्रम संचालन गरिनेछ । मेलम्ची नगरपालिका क्षेत्र भित्र तरकारी, फलफुल तथा नगदेबाली उत्पादनको वडागत पकेट क्षेत्र निर्धारण गरी कृषकहरुलाई विशेष अनुदानका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६५. **"एक घर एक घरबारी बगैंचा"** स्थापना गरिनेछ र उक्त घरबारी बगैंचा स्थापनाको लागि आवश्यक कृषि सामाग्रीहरु अनुदानमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

६६. नगरपालिका भित्र रहेका जग्गाहरुको माटो परीक्षण गरी माटोको गुणस्तर तथा उत्पादन क्षमता वृद्धि गर्न निशुल्क रुपमा कृषि चुन वितरणको व्यवस्था मिलाइनेछ ।

आईत मान तामाङ
नगर प्रमुख

६७. नगरपालिका भित्र विषादी तथा रासायनिक मलको प्रयोगलाई कम गराउदै जैविक तथा रैथाने खेती प्रणालीलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

६८. बाँदर तथा वन्यजन्तुबाट कम क्षति हुने खालका बालीहरुको खेतीमा अनुदान दिने व्यवस्था मिलाइनेछ ।

६९. नगरपालिका भित्रका कृषि तथ्याङ्कहरुलाई विद्युतीय प्रणालीमा आवद्ध गरी कृषक परिचयपत्र वितरणको थालनी गरिनेछ ।

७०. कृषकहरुको क्षमता विकास र कृषि पेशामा आकर्षित गर्न कृषि मेला प्रदर्शनी गरी उत्कृष्ट कृषकहरुलाई पुरस्कृत गर्ने नीति लिइनेछ ।

७१. कृषि नर्सरी व्यवसाय मार्फत गुणस्तरीय विरुवा उत्पादन गर्ने कृषकहरुलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ ।

७२. राष्ट्रिय भूउपयोग ऐन तथा नियमावलीले व्यवस्था गरे बमोजिम नगर भित्रका सम्पूर्ण भूभागको वर्गीकरण गरी कृषि योग्य जमिनको खण्डिकरणलाई न्यूनिकरण गर्दै उक्त क्षेत्रमा वस्ती विस्तार गर्न निरुत्साहित गर्ने नीति लिइनेछ ।

७३. नगरपालिका भित्रका सार्वजनिक जग्गाहरु छुट्याई संरक्षण गर्ने नीति लिइनेछ ।

७४. नगरपालिका भित्रका कृषियोग्य जमिनमा आगामी पाँच वर्षभित्र पूर्ण सिंचाई सुविधा पुर्याई कृषि उत्पादन बृद्धि गर्ने नीति लिइनेछ ।

७५. नगरपालिकाबाट पशुपालक कृषकहरुको लागि प्रदान गरिँदै आएको पशु सुत्केरी भत्तालाई आ.व. २०७९/८० देखि दोब्बर गरिनेछ । सुत्केरी पशुलाई प्रदान गरिँदै आएको पोषण खर्चलाई व्यवस्थित एवं प्रभावकारी बनाइनेछ ।

७६. नगरको आर्थिक समृद्धिको लागि नगर भित्र उत्पादन तथा संकलन भएका दुग्ध प्रशोधन गरी दुग्धजन्य पदार्थहरु उत्पादन गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।

७७. नगरपालिका भित्र मासु तथा दुग्ध उत्पादन वृद्धि गर्न पशु नश्ल सुधारका लागि कृतिम गर्भाधान सेवालाई प्रभावकारी बनाइनेछ ।

७८. पशु पोषणको स्तर वृद्धि गर्नका लागि घाँस उत्पादन तथा घाँस खेती सम्वन्धी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

७९. पशुपन्छीको बजार प्रवर्द्धनका लागि आवश्यकता अनुसार थप चिस्यान केन्द्रहरु स्थापना गरिनेछ ।

आईत मान तामाङ
नगर प्रमुख

८०. पशुपन्छी तथा मत्स्य बीमाको दायरालाई विस्तार गर्दै अनुदान लिने लाभग्राही कृषकहरुले पालन गरेको पशुको बीमा अनिवार्य गर्ने नीति लिइनेछ । यसको लागि पशु बिमामा सम्बन्धित कृषकले बेहोर्ने प्रिमियम रकमको ५० प्रतिशत रकम अनुदान दिई पशु बीमाको दायरा विस्तार गरिनेछ ।

८१. व्यवसायिक पशुपालनलाई प्रोत्साहन गर्न पशुपालक कृषकहरुलाई गोठ तथा खोर सुधारका लागि सहयोग गर्ने नीति लिइनेछ ।

८२. मेलम्ची नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक तथा छाडा कुकुर व्यवस्थापनको लागि स्थायी बन्ध्याकरण शिविर संचालन गरी छाडा कुकुर व्यवस्थापन एवं रेबिज रोग नियन्त्रण गर्ने नीति लिइनेछ।

८३. नगरपालिका क्षेत्र भित्रका पशुधनको सुरक्षाको लागि संक्रामक रोग विरुद्धको खोप कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

## पर्यटन प्रवर्द्धन एवं रोजगारी सिर्जना

८४. नगरको आर्थिक समृद्धिका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको साझेदारी र सहभागितामा उद्योग, व्यापार एवम् पर्यटनलाई प्रवर्धन गर्ने कार्यक्रमहरु अगाडि बढाइनेछ ।

८५. मेलम्ची नगरपालिका क्षेत्र भित्रका पर्यटकीय स्थानमा होमस्टे संचालन गर्न सहयोग गर्ने नीति लिइनेछ ।

८६. निर्माण, उत्पादनमुलक, स्थानीय कच्चापदार्थ प्रयोग हुने उद्योग तथा कलकारखाना एवम् अन्य सेवा क्षेत्रमा रोजगारीका अवसर सिर्जना गरिनेछ ।

८७. नगरको स्थानीय आवश्यकताका आधारमा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरी प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाई यस वर्ष एक सय जना पूर्ण बेरोजगार व्यक्तिहरुलाई आंशिक रोजगारी प्रदान गरिनेछ । यसका लागि नगरपालिकाको तर्फबाट जोडकोषको व्यवस्था गरिनेछ ।

८८. नगरभित्र संचालन हुने विकास निर्माणका कार्यमा संलग्न हुने महिला र पुरुषलाई "समान कार्यको लागि समान ज्यालालाई सुनिश्चित गरिनेछ ।

८९. नगरको पर्यटन विकासको लागि नगर भित्र रहेका धार्मिक तथा पर्यटकीय महत्व बोकेका स्थानहरुको पहिचान गरी स्थानीय कला, संस्कृति, साहित्य, मठ, मन्दिर र गुम्बाको संरक्षण, संम्बर्द्धन तथा प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।

आईत मान तामाङ
नगर प्रमुख

९०. नगर भित्रका महत्वपूर्ण पर्यटकीय स्थलहरु (धौले, गुफा डाँडा, चिसापानी, भोटेचौर, ककनी, तपचुली, थानाभञ्ज्याङ्गगढी लगायत) मा एकिकृत पर्यटकीय पूर्वाधार विकास गरी आन्तरिक तथा बाह्य पर्यटकहरुको आगमनलाई वृद्धि गरिनेछ ।

**आदरणीय उपप्रमुख एवं नगर सभाका सदस्यज्यूहरु,**

**सहकारी विकास तथा प्रवर्द्धन**

९१. सहकारी विभागद्वारा सञ्चालनमा ल्याइएको सहकारी संस्थाहरुको एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS. www.copomis.gov.np) लाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ । उक्त Software प्रयोग तथा संचालनको लागि सहकारी संस्थाका पदाधिकारी र कार्यरत कर्मचारीहरुको लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

९२. उद्देश्य, कार्य क्षेत्र र प्रकृतिको आधारमा सहकारी संस्थाहरुको एकीकरण अभियान सञ्चालन गरी सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ । एक वडा एक नमुना सहकारी कार्यक्रम तथा बिषयगत नमूना सहकारी कार्यक्रम सञ्चालन गरी सहकारी सम्मान कार्यक्रम गरिनेछ ।

९३. मेलम्ची नगरपालिका वडा नं. ९ र १० मा गरिवी निवरण कोषद्धारा प्रवर्द्धित १९ वटा सामुदायिक संस्थाहरुको विवरण अध्यावधिक गरी सामुदायिक संस्थाले परिचालन गरेको घुम्ती कोषलाई बीउ पुँजीको प्रयोग गर्न आवश्यक सहयोग, सहजीकरण गरी स्थानीयस्तरमा आर्थिक गतिविधि सञ्चालन गर्न यी संस्थाहरुलाई संघीय नीति अनुरुप सहकारी संस्थाको रुपमा विकास गरिनेछ ।

९४. वित्तिय पहुँच विस्तार, सामाजिक एवं आर्थिक सशक्तिकरण र उत्पादनशील क्षेत्रमा सहकारी संघ संस्थालाई परिचालन गरिनेछ । भूमिहिन, दलित एवं पिछडिएका वर्ग र समुदायलाई सहकारी संस्थामा आवद्ध गरी उद्यमशिलता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

**महिला बालबालिका तथा सामाजिक समावेशीकरण**

९५. नगरभित्र रहेका सामाजिक भेदभाव, छुवाछुत, सामाजिक कुरिती, अन्धविश्वास, लैङ्गिक तथा जातीय विभेद र हिंसाका घटनाहरुलाई निरुत्साहित गर्न दलित, उत्पीडित, अल्पसंख्यक लगायतका आर्थिक सामाजिक रुपमा पछाडि परेका वर्गलाई यस नगरपालिका भित्रको विकास, सेवा र शासनमा औचित्यपूर्ण एवं समतामुलक सहभागिता गराउने नीति लिई आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

९६. आगामी पाँच वर्ष भित्र यस नगरपालिकालाई पूर्ण बालमैत्री नगर घोषणा गर्ने नीति लिइनेछ । यस आ.व. मा क्रमश: वडा नं. ५, ७ र ८ बाट घोषणा गर्दै अन्य वडाहरुमा विस्तार गर्दै लगिनेछ ।

९७. बाल विवाहको रोकथाम तथा अन्त्यका लागि बालिका लक्षित शैक्षिक सहायता, बीमा, बचत कार्यक्रम जस्ता कार्यक्रम लागु गर्ने र सचेतनामुलक अभियान सञ्चालन गरिनेछ ।

आईत मान तामाङ
नगर प्रमुख

९८. मानव बेचबिखनको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ । मानव बेचविखनबाट प्रभावित गम्भीर प्रकृतिका हिंसामा परेका महिला तथा किशोरीहरु एवम् एच.आइ.भी. एड्सबाट संक्रमितहरुको उद्धार पुर्नस्थापना मनोपरामर्श तथा जीविकोपार्जनको लागि नगरपालिका तथा अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाको सहकार्यमा आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

९९. वाल श्रम, बाल विवाह, बहु विवाह, दाइजो, बोक्सी जस्ता प्रथाहरु नियन्त्रणका लागि टोल विकास संस्थाको परिचालन गरी चेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

१००. गरिव, विपन्न, उत्पीडित एवं पछाडि परेका महिलाहरुको आर्थिक एवं सामाजिक विकासको लागि सिप तथा लघु उद्यमसंग सम्बन्धित कार्यक्रमहरु संचालन गरिनेछ ।

१०१. दलित समुदायको आर्थिक सशक्तिकरणका लागि परम्परागत सीप तथा कलाको आधुनिकीकरण तथा व्यवसायीकरण एवम् सीप विकास मार्फत स्वरोजगारीका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ।

१०२. विभिन्न संघ सस्थाहरुको सहयोग र समन्वयमा नगर क्षेत्रभित्र अनाथ बालबालिका, शारीरिक अपाङ्गता, बौद्धिक अपाङ्गता, मानसिक सन्तुलन गुमाएका व्यक्तिहरु एवं वृद्धवृद्धाहरुको उचित व्यवस्थापन तथा स्याहार सुसारका लागि आवश्यक सेवा केन्द्र सञ्चालन गरिनेछ ।

१०३. नगरस्तरमा बालबालिका, महिला, एकल महिला, अपाङ्ग, जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक लगायतको संञ्जाललाई क्रियाशिल बनाइनेछ र उक्त सञ्जालहरुसँग समन्वय गरी लक्षित वर्गको कार्यक्रम तर्जुमा गर्ने व्यवस्था मिलाइनेछ।

१०४. अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क अद्यावधिक गरी अपाङ्ग सहायक सामाग्रीहरु वितरण गर्ने नीतिलाई निरन्तरता दिनुको साथै अपाङ्गता भएका व्यक्तिहरुको जीविकोपार्जनमा सहयोग पुर्याउने गरी सञ्चालन गरिदै आएको अपाङ्ग सीप विकास तालिमलाई विस्तार गरिनेछ ।

१०५. स्थानीय,राष्ट्रिय तथा अन्तराष्ट्रिय सामुदायिक एवं गैरसकारी संस्थाहरुलाई जवाफदेही र मर्यादित बनाउदै पारदर्शी र व्यवस्थित बनाउन संघ/संस्थाको सम्पूर्ण बजेट प्रणालीलाई एकद्धार प्रणालीमा आवद्ध गरी परिचालन गर्ने व्यवस्था मिलाइनेछ । विभिन्न संघ/संस्था मार्फत संचालन गरिने कार्यक्रमलाई दोहोरोपना हुन नदिने गरी नगरपालिकाको प्रत्यक्ष सहभागिता र समन्वयमा मात्र संचालन गर्ने नीति लिइनेछ ।

१०६. जेष्ठ नागरिकहरुको स्वास्थ्यलाई मध्यनजर गरी जेष्ठ नागरिक स्वास्थ्य शिविर सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । साथै, नगर भित्रका ज्येष्ठ नागरिकहरुलाई अभिनन्दन तथा सम्मान गरिनेछ ।

आईत मान तामाङ
नगर प्रमुख

<u>सूचना तथा संचार</u>

१०७. नागरिकहरुको सूचना प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न नगर भित्र क्रियाशिल रहेका संचारकर्मी तथा संचारमाध्यमहरुलाई प्रोत्साहित गर्ने नीति लिइनेछ ।

**आदरणीय उपप्रमुख एवं नगर सभाका सदस्यज्यूहरु,**

<u>वन, वातावरण तथा विपद् व्यवस्थापन</u>

१०८. नगर क्षेत्रभित्र रहेका सार्वजनिक, खाली र पाखो जग्गामा वृक्षारोपण कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।

१०९. निजी क्षेत्रबाट विरुवा उत्पादन गरी वन विकास गर्ने कार्यक्रमलाई प्रोत्साहन गरिनेछ । नगर क्षेत्रमा पाइने जडिबुटी प्रजातिको संरक्षण र प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

११०. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी नगरपालिकाबाट संचालन हुने विकास निर्माणका कार्यहरुलाई विपद् उत्थानशील योजनाको रुपमा संचालन गर्ने नीति लिइनेछ ।

१११. नगरपालिकाको बजार क्षेत्रबाट उत्पादन तथा संकलन हुने फोहोरमैलाको दीगो तथा वातावरणमैत्री व्यवस्थापनको लागि चालु आ.व. मा फोहोरमैला व्यवस्थापन केन्द्रको पहिचान गरी निर्माण गरिनेछ ।

११२. वातावरण ऐन र नियमावलीले निर्दिष्ट गरेका योजनाहरुको प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन नीति लिइनेछ ।

११३. नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक वनहरुको सूचिकरण गरी सोको आवश्यक संरक्षण, नियमन र प्रवर्द्धनका कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ ।

११४. सुरक्षा निकायसँगको सहकार्यमा उद्धार र राहत सामाग्रीको भण्डारणको व्यवस्था गर्दै विपद व्यवस्थापनको पाटोलाई व्यवस्थित गरी क्षती न्यूनीकरण गर्ने नीतिलाई विस्तार गरिनेछ ।

११५. विश्व तापमानबाट भएको वृद्धिबाट सिर्जित जलवायु परिवर्तनका नकारात्मक असरहरुलाई न्यून गर्न स्थानीय तहमा जलवायु अनुकूलनका कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ ।

११६. नगरस्तरीय आपत्कालीन कार्य संचालन केन्द्रको स्थापना गरी विपद् पूर्व सूचना प्रणालीको विस्तार तथा व्यवस्थापन गर्ने नीति लिइनेछ ।

<u>सुशासन तथा सेवा प्रवाह</u>

११७. नगरपालिकाको संस्थागत क्षमता अभिबृद्धि गर्नको लागि नगरपालिका र अन्तर्गत कार्यरत कर्मचारीहरुलाई आवश्यकता अनुसार सीप तथा क्षमता विकास गर्न क्षमता विकास योजना तयार गरी लागु गरिनेछ ।



आईत मान तामाङ
नगर प्रमुख

११८. नगरपालिकाको आम्दानी एवम् खर्च लगायत सार्वजनिक महत्वका प्रत्येक विषयहरुलाई विद्युतीय तथा छापा संचारको माध्यमबाट सार्वजनिकीकरण गर्ने कार्यलाई निरन्तरता दिनुका साथै विकास निर्माण कार्यमा पारदर्शिता कायम गर्न योजनास्थलमा नै सार्वजनिक सुनुवाई, समिक्षा र सामाजिक परीक्षण गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

११९. नगरपालिकाको कार्यसम्पादन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन स्थानीय कर्मचारी नियमावली र कर्मचारी कल्याण कोष नियमावली तयार गरी लागु गरिनेछ ।

१२०. नगरपालिकाले भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अवलम्बन गरी विकास निर्माण तथा सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

१२१. नगरपालिकाको विकास र कार्यसम्पादन मूल्याङ्कनको सूचाङ्क तयार गरी सूचाङ्कको आधारमा उत्कृष्ट कर्मचारी, शाखा, वडा तथा स्वास्थ्य संस्थालाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१२२. कर्मचारीलाई उपलब्ध गराउदै आएको प्रोत्साहन भत्तालाई कर्मचारीको श्रम, समय, सिप र क्षमताको आधारमा मूल्याङ्कन गरी उपलब्ध गराउने नीति लिइनेछ ।


## न्यायिक सेवा

१२३. न्यायिक समितिले गर्ने न्याय सम्पादनको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन वडास्तरमा रहेका मेलमिलाप केन्द्रहरुलाई थप सक्रिय बनाईनेछ । यसका लागि न्यायिक समितिका पदाधिकारी र मेलमिलाप कर्ताहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

१२४. मेलम्ची नगरपालिकामा सुचिकृत मेलमिलापकर्ताहरू मध्ये मापदण्ड बनाई उत्कृष्ट मेलमिलापकर्ताहरूलाई सम्मान गरिनेछ । वडा मेलमिलाप संयोजकलाई प्रोत्साहन स्वरुप संचार खर्च र सूचिकृत मेलमिलापकर्ताहरुलाई विवाद समाधानको आधारमा प्रोत्साहन खर्च उपलब्ध गराउने नीति लिइनेछ ।

१२५. अन्त्यमा मेलम्ची नगरपालिकाको समग्र विकासमा योगदान पुर्‍याउनुहुने जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक पार्टी, नगरवासी एवं सरोकारवाला सबै पक्षमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।




(आइतमान तामाङ)

नगर प्रमुख